# वैदेशिक रोजगारीको क्रममा समस्यामा परेका प्रवासी श्रमिकहरूले कन्सुलर सेवा विभागबाट लिन सक्ने सेवाहरू सम्बन्धी महत्वपूर्ण जानकारीहरू







## कन्सुलर सेवा के हो ?

प्रवासी नेपाली श्रमिकहरूको हकमा विदेश जानु अघि वा विदेशमा भएको अवस्थामा वा विदेशबाट फर्किसकेपछि पनि विदेशसँग सम्बन्धित विषय र समस्याहरूमा सहजीकरण, समन्वय र पहल गरिदिने गरी नेपाल सरकारका कूटनीतिक अधिकारीहरूबाट प्रदान हुने सेवा जस्तै: खोजतलास तथा उद्धार सम्बन्धी कार्य, विदेशबाट मृतकको शव झिकाउने, क्षतिपूर्तिको लागि सहजीकरण गरिदिने, कागजातहरू प्रमाणीकरण गरिदिने ( जन्म , मृत्यु, विवाह दर्ता , बसाइँसराइ , नाता , शैक्षिक र प्रहरी चारित्रिक प्रमाणपत्र) नै कन्सुलर सेवा हो ।

## कन्सुलर तथा कानूनी परामर्श सेवा कहाँबाट प्राप्त गर्न सकिन्छ ?

नेपाल स्थीत कन्सुलर सेवा विभाग अन्तर्गत रहेको कन्सुलर तथा कानूनी परामर्श शाखाले वैदेशिक रोजगारमा रहेका व्यक्तिको खोजतलास तथा उद्धार गर्ने ,शव झिकाउने मद्दत गर्ने, क्षतिपूर्ति तथा बीमा प्राप्तिका लागि सहजीकरण गर्ने, गुनासो/समस्या समाधानको लागि सहजीकरण गरिदिने साथै उपरोक्त कार्यका लागि आवश्यक पर्ने कागजातहरूको प्रमाणीकरण गर्ने काम गर्दछ ।




## वैदेशिक रोजगारमा रहेका श्रमिक तथा तिनका घरपरिवारले निवेदन कहाँ कहाँबाट दिन सक्छन् ?



सेवा उपलब्ध रहेका तहहरू



जिल्ला प्रशासन कार्यालय



कन्सुलर सेवा विभाग




आप्रवासी श्रोत केन्द्र(MRC)


## पेस गरिएको निवेदनको अवस्था श्रमिक आफैंले online मार्फत हेर्न सकिन्छ यसको लागि




चरण १.
Google मा गएर
https://legal.nepalconsular.gov.np/rescues click गर्नुहोस्

चरण २.
पासपोर्ट नम्बर राख्नुहोस्
सम्बन्धित नियोग राख्नुहोस

## क्षतिपूर्ति रकमको सम्बन्धी अवस्था हेर्न (मलेसियाबाहेक अन्य देशको हकमा)




**चरण १.** Google मा गएर https://legal.nepalconsular.gov.np/crelease click गर्नुहोस्

चरण २.
पासपोर्ट नम्बर राख्नुहोस्
सम्बन्धित देश चयन गर्नुहोस्
Search मा गएर click गर्नुहोस्

## आवश्यक कागजातहरू के के हुन् ?

### गुनासो/समस्या

निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
विदेशमा रहेको व्यक्तिको राहदानीको प्रतिलिपि
समस्या तथा गुनासोसम्बन्धी अन्य आवश्यक कागजातहरू

### बेपत्ता भएकोमा खोजतलास र अलपत्र परेको अवस्थामा उद्धार

निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
खोज तलास गर्नुपर्ने वा नेपाल फर्काउनुपर्ने व्यक्तिको राहदानीको प्रतिलिपि
बेपत्ता हुनु अघि वा थुना वा जेल पर्नु अघि काम गरेको रोजगारदाताको नाम र फोन नम्बर
अलपत्र परेकाको हकमा अलपत्र परेको व्यक्तिको ठेगाना र सम्पर्क नम्बर र जेलमा परेकाको हकमा जेलको नाम र ठेगाना
खोजतलास एवंम् उद्धारगर्नुपर्ने विषयसँग सम्बन्धित अन्य कागजातका प्रतिलिपि e.g. Residence permit card/ बसाई स्विकृति कार्ड)

### शव व्यवस्थापन

निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
मृतकको राहदानीको प्रतिलिपि
मृतकले काम गरेको कम्पनीको नाम र ठेगाना
शव रहेको स्थानको विवरण
शव व्यवस्थापनसँग सम्बन्धित अन्य कागजातका प्रतिलिपि

सूचनाको स्रोत : कन्सुलर सेवा विभाग | Website : https://www.nepalconsular.gov.np

### थप जानकारीको लागि:

मलेसियामा रहेको नेपाली राजदूतावास
हटलाइन नम्बर : ६०१६२४७२७७७
सूचना अधिकारी:०१०८८३३४५४

प्रवासी नेपाली समन्य समिति :
चन्द्रागिरि नगरपालिका-१४,
नैकाप, काठमाडौं, नेपाल
Hotline no. ९८५११७४९९९
Email : info@pncc.org.np
website: pncc.org.np

कन्सुलर सेवा विभाग,
त्रिपुरेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ९७७-१-५३६०१२१, ९७७-१-५३६०१०८, ९७७-१-५३४९५२१,९७७-१-५३४९६३६, ९७७-१-५३६०३९
Toll Free No :११५२

International Labour Organization

PNCC

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी